# प्राथमिक आँखा तथा कान उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

**कार्यपालिकाबाट स्वीकृत मितिः– २०७८।११।२९**

**प्रस्तावनाः**

सिम्ता गाँउपालिका भित्र बसोबास गर्ने नागरिक तथा सेवा लिन ईच्छुक अन्य नागरिकहरु समेतलाइ गुणस्तरीय आँखा तथा कान सम्बन्धी प्राथमिक सेवा प्रदान गर्न वाञ्छनीय भएकोले, सिम्ता गाँउपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७४ को दफा ४ ले दिइएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्राथामिक आँखा तथा कान उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

क) "कार्यपालिका" भन्नाले सिम्ता गाँउपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

ख) "अध्यक्ष" भन्नाले नेपालको संविधानको धारा २१५ को उपधारा १ बमोजिमको गाँउपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

ग) "उपाध्यक्ष" भन्नाले गाँउपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

घ) "वडा" भन्नाले गाँउपालिकाको वडा सम्झनुपर्दछ ।

ङ) "वडा अध्यक्ष" भन्नाले नेपालको संविधानको धारा २१५ को उपधारा २ बमोजिमको वडा अध्यक्ष सम्झनुपर्दछ ।

च) "सदस्य" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा बमोजिमको सदस्य सम्झनुपर्दछ ।

छ) "कार्यपालिका सदस्य" भन्नाले गाँउकार्यपालिकाको सदस्य सम्झनुपर्दछ ।

ज) सञ्चालन तथा व्यवस्थापन समिति भन्नाले दफा ३(१) बमोजिम गठित सञ्चालन तथा व्यवस्थापन समिति सम्झिनुपर्दछ ।

झ) कर्मचारी भन्नाले प्राथामिक आँखा तथा कान उपचार केन्द्रमा सेवा प्रवाहका लागि खटिने कर्मचारी सम्झिनुपर्दछ ।

**३. प्राथामिक आँखा तथा कान उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति गठन तथा काम कर्तव्य र अधिकारः**

१) प्राथामिक आँखा तथा कान उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको सञ्चालन तथा व्यवस्थापन समति रहनेछ ।

| | | |
|---|---|---|
| क) | गाँउपालिका अध्यक्ष | संयोजक |
| ख) | गाँउपालिका उपाध्यक्ष | सदस्य |
| ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) | सामाजिक विकास समिति संयोजक | सदस्य |
| ङ) | सम्बन्धित वडा अध्यक्ष | सदस्य |
| च) | प्रतिनिधि नेपाल नेत्र ज्योति संघ | सदस्य |
| छ) | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

गाँउपालिका भित्र रहेका नेत्रहीन सम्बन्धी काम गर्ने संघ संस्थाको प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

२) काम, कर्तव्य र अधिकार

क) बैठक सञ्चालन तथा व्यवस्थापनको कार्यविधि निर्धारण गर्ने ।

ख) उपचार केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने नीतिगत, संस्थागत, संगठनात्मक, आर्थिक तथा व्यवस्थापकीय पक्षको निर्धारण तथा व्यवस्थापन गर्ने ।

ग) उपचार केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि मार्ग निर्देश गर्ने ।

घ) उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने योजना, बजेटको व्यवस्थापन तथा स्वीकृत गर्ने ।

ङ) उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि विभिन्न निकाय संग आवश्यक सहकार्य तथा समन्वय गर्ने ।

च) उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक मानव स्रोत, कार्यविवरण तथा सेवा सुविधा निर्धारण गर्ने र उपलब्ध गराउने ।

छ) उपचार केन्द्रको सञ्चालन तथा व्यवस्थापकीय पक्षको नियमिति अनुगमन मुल्याङ्कन तथा सुपरीवक्षण गर्ने गराउने ।

ज) उपचार केन्द्रको कर्मचारी वा गाँउपालिकाको कुनै कर्मचारीलाई आवश्यकता अनुसार व्यवस्थापकीय जिम्मेवारी प्रत्यायोजन गर्ने ।

झ) आर्थिक तथा वित्तीय सुशासन कायम गर्ने गराउने ।

ञ) गुणस्तरीय आँखा तथा कान उपचार प्रदानका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने ।

ट) सेवा प्रवाहको मापदण्ड, शुल्क लगायतका विषयमा आवश्यक निर्णय गर्ने ।

**४. भौतिक, आर्थिक तथा वित्तीय व्यवस्थापनः**

क) दफा ३ बमोजिम गठित समितिले उपचार केन्द्रको भौतिक आर्थिक तथा वित्तीय व्यस्थापन गर्नेछ ।

ख) समितिले तोकेको बैङकमा उपचार केन्द्रको नाममा बैङक खाता सञ्चालन हुनेछ ।

ग) गाँउपालिका, विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाहरु, व्यक्ति तथा अन्य स्रोतबाट सहयोग तथा चन्दाका रुपमा प्राप्त हुने अनुदान सहयोग ग्रहण हुनेछ ।

घ) केन्द्रको खाता सञ्चालन संयोजक वा निजले तोकेको अन्य सदस्य र सदस्य सचिवको नाममा संयुक्त रुपमा सञ्चालन हुनेछ ।

ङ) केन्द्र स्थापना भएको १ वर्ष पछि केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी व्यवस्थापनको खर्च केन्द्रले नै जोहो गर्नुपर्नेछ ।

च) केन्द्रको लेखा परीक्षण गाँउपालिकाबाट खटाइएको लेखापरीक्षकबाट हुनेछ ।

छ) केन्द्रको वार्षिक प्रगती प्रतिवेदन गाँउकार्यपालिका हुदै गाँउसभा समक्ष प्रस्तुत गरिनेछ ।

ज) गाँउपालिकाले जुनसुकै समयमा केन्द्रको सम्पूर्ण पक्षको अनुगमन गर्न सक्नेछ ।

**५. बाधा अट्काउ फुकाउ**

यो कार्यविधिको कार्यान्वयनको क्रममा केहि वाधा अट्काउ आइपरेमा सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसको आधारमा गाँउ कार्यपालिकाले आवश्यक ठानेमा बाधा अट्काउ फुकाउ गर्न सक्नेछ ।